श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. २३

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

कृषि विकास बैङ्क ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: कृषि विकास बैङ्क ऐन, २०२४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "कृषि विकास बैङ्क (तेस्रो संशोधन) ऐन, २०३३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. कृषि विकास बैङ्क ऐन, २०२४ को दफा २ मा संशोधन: कृषि विकास बैङ्क ऐन, २०२४ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ:–

"(च) "वाणिज्य बैङ्क" भन्नाले वाणिज्य बैङ्क ऐन, २०३१ अन्तर्गत स्थापित वाणिज्य बैङ्क सम्झनुपर्छ र सो शब्दले सो ऐनबमोजिम काम गर्ने गरी दर्ता भएको अन्य विदेशी वाणिज्य बैङ्क समेतलाई सम्झनुपर्छ ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल ऐनको दफा ९ मा संशोधन: मूल ऐनको दफा ९ को उप-दफा (१), (३), (४) र (७) को सट्टा देहायको उप-दफा (१), (३), (४) र (७) राखिएका छन्:–

"(१) बैङ्कको देहायबमोजिमका सदस्यहरू भएको एक सञ्चालक समिति हुनेछ:–

(क) राष्ट्र बैङ्कले मनोनीत गरेको एक जना प्रतिनिधि,

(ख) श्री ५ को सरकारले मनोनीत गरेको सहकारी संस्थाको एक जना प्रतिनिधि,

(ग) श्री ५ को सरकारले शेयर धनीहरूमध्येबाट मनोनीत गरेको एक जना प्रतिनिधि,

(घ) खाद्य, कृषि तथा सिंचाइ मन्त्रालयको एक जना प्रतिनिधि,

(ङ) भूमिसुधार मन्त्रालयको एक जना प्रतिनिधि,

(च) अर्थ मन्त्रालयको एक जना प्रतिनिधि, र

(छ) बैङ्कको महाप्रबन्धक ।

(३) उप-दफा (१) को खण्ड (ख) र (ग) बमोजिमका सदस्यको कार्यावधि दुई वर्षको हुनेछ ।

(४) उप-दफा (१) को खण्ड (क), (घ), (ङ) र (च) बमोजिमका सदस्यको कार्यावधि निजले प्रतिनिधित्व गर्ने कार्यालयले प्रतिनिधि कायम राखेसम्मको हुनेछ ।

(७) समितिको सचिवको काम समितिले तोकेको व्यक्तिले गर्नेछ ।"

४. मूल ऐनको दफा १० मा संशोधन: मूल ऐनको दफा १० को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ:–

"(ख) बैङ्कको महाप्रबन्धक बाहेक बैङ्कको कर्मचारीको रूपमा बहाल रहेको व्यक्ति ।"

५. मूल ऐनको दफा ११ मा संशोधन: मूल ऐनको दफा ११ को उप-दफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ:–

"(घ) दफा ९ को उप-दफा (१) को खण्ड (ख) र (ग) को सदस्यको हकमा श्री ५ को सरकारले हटाउने निर्णय गरेमा ।"

६. मूल ऐनको दफा १८ मा संशोधन: मूल ऐनको दफा १८ को उप-दफा (२) को,–

(१) खण्ड (घ) मा रहेको "वाणिज्य बैङ्क ऐन, २०२०" भन्ने शब्द र अंकहरूको सट्टा "वाणिज्य बैङ्क ऐन, २०३१" भन्ने शब्द र अङ्कहरू राखिएका छन् ।

(२) खण्ड (घ) पछि देहायको खण्ड (घ१) र (घ२) थपिएका छन्:–

"(घ१) स-साना उद्योगको स्थापना र सञ्चालन गर्न ऋण दिने ।

(घ२) उपभोक्ता ऋण दिने ।"

७. मूल ऐनको दफा २० मा संशोधन: मूल ऐनको दफा २० को खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ:–

630

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(छ) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले लिएको धितो बैङ्कको साँवा ब्याज चुक्ता नहुञ्जेलसम्मका लागि, जसको हकको चल अचल सम्पत्ति जुन रूपमा धितो लिएको छ, दर्ता बैङ्कका नाममा नभए तापनि सो धितो लिएको चल अचल सम्पत्तिमा धितो दिनेलाई वा धितो दिन मञ्जूर गरी दिनेलाई भएको सम्पूर्ण हकमा बैङ्कको स्वामित्व कायम रहनेछ।"

८. मूल ऐनको दफा २०क. मा संशोधन: मूल ऐनको दफा २०क. को सट्टा देहायको दफा २०क. राखिएको छः–

"२०क. सम्झौता वा शर्त कबुलियत उल्लङ्घन गरेमा बैङ्कको अधिकार: (१) कुनै व्यक्ति, उद्योग, ग्राम समिति वा संगठित संस्थाले बैङ्कसंग भएको कर्जाको सम्झौता वा शर्त कबुलियतको पालन नगरेमा सो व्यक्ति, उद्योग, ग्राम समिति वा संगठित संस्थाले बैङ्कसंग राखेको धितोलाई बैङ्कले बिक्री वा लिलाम वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा ब्याज असूल–उपर गर्न सक्नेछ।

(२) कर्जा लिने व्यक्ति, उद्योग, ग्राम समिति वा संगठित संस्थाले बैङ्कसित धितो राखेको जायजेथामा कुनै किसिमले हक छोदिडिई वा त्यस्तो व्यक्ति, उद्योग, ग्राम समिति वा संगठित संस्थाले अरू कुनै काम कारवाईबाट बैङ्कसित धितो राखेको जायजेथाको मोल घट्न गएमा प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले त्यस्तो व्यक्ति, उद्योग, ग्राम समिति वा संगठित संस्थाबाट त्यसरी घट्न गएको मोल जतिको अरू जायजेथा धितो राख्न लगाउन सक्नेछ। बैङ्कले तोकेको म्यादभित्र कर्जा लिने व्यक्ति, उद्योग, ग्राम समिति वा संगठित संस्थाले त्यसरी धितो राख्न नसकेमा बैङ्कले आफ्नो साँवा ब्याज बैङ्कमा धितो राखेको जायजेथाबाट लिलाम बिक्री गरी वा अरू कुनै व्यवस्था गरी असूलउपर गर्न सक्नेछ।

(३) उप-दफा (१) वा (२) बमोजिम बैङ्कले लिलाम बिक्री गरी असूल-उपर गर्दा त्यस्तो धितोबाट बैङ्कको साँवा र ब्याजको पूरा रकम असूलउपर हुन नसकेमा असूलउपर हुन नसकेको जति रकम सो व्यक्ति, उद्योग, ग्राम समिति वा संगठित संस्थाको अरू जायजेथाबाट समेत बैङ्कले लिलाम बिक्री गरी असूलउपर गरी लिन सक्नेछ।

(४) यस दफाबमोजिम बैङ्कले कुनै व्यक्तिको नाममा कुनै सम्पत्ति नामसारी गरेमा सम्पत्तिको मालिकसंग सोझै लिए सरह नै सो सम्पत्तिउपर सो व्यक्तिको अधिकार रहनेछ।

(५) यस दफाबमोजिम लिलाम बिक्री वा अन्य व्यवस्था गरी असूलउपर गरी आएको रकमलाई सम्पत्ति बिक्री वा लिलाम वा अन्य व्यवस्था गर्दा भएको खर्चको रकम र बैङ्कको साँवा ब्याजको रकम चुक्ता गर्नमा लगाई बाँकी रहन आएको रकम सम्बन्धित व्यक्ति, उद्योग, ग्राम समिति वा संगठित संस्थालाई दिइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) यस दफाबमोजिम बैङ्कले लिलाम वा बिक्री गर्दा लिलाममा सकार्ने वा बिक्रीमा लिने व्यक्तिको नाउँमा सो जायजैथा प्रचलित नेपाल कानूनबमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज नामसारी गरिदिनको लागि बैङ्कले सम्बन्धित कार्यालयमा लेखी पठाउन सक्नेछ ।

(७) उप-दफा (६) बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज नामसारीको लागि बैङ्कबाट लेखी आएमा सम्बन्धित कार्यालयले पनि रजिष्ट्रेशन वा दाखिल खारेज नामसारी गरिदिनु पर्नेछ ।

(८) यस दफाबमोजिम बैङ्कले लिलाम वा बिक्री गर्दा कसैले नसकारेमा बैङ्कले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ र त्यस्तो स्थितिमा सम्बन्धित सरकारी कार्यालयहरूले बैङ्कको जनाउबमोजिम आफ्नो कार्यालयमा रहेको स्रेस्तामा तदनुसार रजिष्ट्रेशन वा दाखिल खारेज नामसारी गरिदिनुपर्छ ।"

९. मूल ऐनको दफा २८ मा संशोधनः मूल ऐनको दफा २८ को उप-दफा (३) मा रहेको "कम्पनी ऐन, २०२१" भन्ने शब्द र अङ्कहरूको सट्टा "लेखापरीक्षकसम्बन्धी ऐन, २०३१" भन्ने शब्द र अङ्कहरू राखिएका छन् ।

१०. रूपान्तरः मूल ऐनमा "जनरल मैनेजर" र "मैनेजर" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा सो शब्दहरूको सट्टा क्रमशः "महाप्रबन्धक" र "प्रबन्धक" भन्ने शब्दहरू राखिएका छन् ।

लालमोहर सदर मितिः– २०३३।६।१०।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।